आज मिति २०७४ असोज २५ गते, बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा १२ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति ः- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

**आमन्त्रित ः-**

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

**प्रस्तावहरू:**

१. न्यायिक समिति गठन सम्बन्धमा ।

२. योजना सम्झौता सम्बन्धमा ।

३. विविध ।

**निर्णयहरू**

१. **नेपालको संविधान, २०७२ को धारा २१७ बमोजिम न्यायिक समिति गठन गर्ने ।**

संयोजकः बसन्ती तामाङ (डंगोल)

सदस्यः राज कुमार लामा

सदस्यः श्याम बहादुर खत्री

न्यायिक समिति काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२. **योजना सम्झौता सम्बन्धमा ।**

अ) नागरिक वडापत्रमा उल्लेखित योजना सम्झौता गर्दा चाहिने कागजातपत्रहरु अनिवार्य राखी पत्राचार गर्ने र नगरपालिकाबाट तोकिएको समयमा सम्झौता गर्ने ।

आ) नगरसभाबाट पास भई आएका वडास्तरीय योजनाहरुको सूचि वडाको सूचना पाटीमा टाँस गर्ने ।

इ) उपभोक्ता समिति गठन गर्दा खोल्ने र अनुगमन समिति गठन गर्ने समेत निर्णय गर्नुपर्ने ।

ई) रु. ३,००,०००।- (अक्षरेपी तीन लाख) वा सो भन्दा बढी रकमको योजनामा ५० प्रतिशत काम सकिएपछि प्राविधिक र वडा समितिको सिफारिसमा Running Bill अनुसार रकम भुक्तानी दिने ।

उ) योजना सम्झौता भएको मितिले १५ दिन भित्रै उपभोक्ता समितिले काम शुरु गरि सक्नुपर्नेछ । यदि नगरेमा योजना संसोधन गरिनेछ ।

३. **विविधः**

- यस नगरपालिकाको वडा नं २ को लागी एम्बुलेन्स खरिद गर्नको लागी जापानीज एम्वेसीमा अनुरोध गर्ने ।
- वडा नं. १ चाल्नाखेल स्थित मनकामना मन्दिर हुँदै कुरले गाउँ जाने मोटर बाटो ममत गराउने ।
- श्री प्राचिन बाघ भैरव विकास तथा धार्मिक प्रवचन प्रसार प्रसार सम्बन्धि ज्ञान मण्डललाई रु. २०,०००।- दिने ।
- द राइजिङ स्वट ग्रुपलाई रु २०,०००।- दिने ।
- वडा नं. ४ अन्तर्गत बाँसबारी चम्पादेवी पिकनिक स्पार्ट क्षेत्र भित्र रहेको नेपालको राष्ट्रिय झण्डा तथा झण्डामा जडान भएको सोलार बत्ति संरक्षणको लागी तारबार गर्ने ।